# TCP- PIAT समाचार

## तराई सिंचित कृषि प्रवर्द्धन प्राविधिक सहायता परियोजना

" पानीको अधिकतम उपयोग, बजारमुखी उत्पादनमा जोड "

वर्ष १ अंक १ श्रावण २०७९



कन्काई शाखा नहर १७, गौरादह न.पा. वडा नं ९ का नेत्र कुमारी कार्की, भावना घिमिरे र शान्ता कटुवाल बिक्रीको लागि बोडी मुठा बनाउदै



कन्काई शाखा नहर १५, कमल गा.पा. वडा नं १ का इन्द्र बहादुर बस्नेत बसन्ते मकै भाँच्दै

### परियोजनाको संक्षिप्त परिचय

नेपाल सरकार तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) बीच ६ फेब्रुअरी २०१९मा सम्पन्न छलफल रेकर्ड अनुसार शुरु भएको **तराई सिंचित कृषि प्रवर्द्धन प्राविधिक सहायता परियोजना** (TCP-PIAT) को लक्ष्य संघीय सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा जल उपभोक्ता संस्थाको सहकार्यबाट "सिंचित कृषि मोडेल " विकास गर्नु हो (विस्तृत विवरण पृष्ठ ३) । यो परियोजना मार्च २०२१ देखि दोस्रो चरणमा छ। परियोजनाका क्रियाकलापहरू दुई भागमा विभाजित छन् जसमध्ये पहिलो समतामूलक पानी वितरण र सिंचाई सुविधा मर्मत सम्भार क्रियाकलापहरुले कन्काई सिंचाई प्रणालीको सम्पूर्ण क्षेत्र समेट्छ भने दोस्रो खेत विकास (On-farm) र व्यावसायिक कृषि पद्धतिले छानिएका मोडेल साइटहरू (प्रथम चक्रमा शिवसताक्षी, वडा ७ स्थित शा.न.०१ को प्रशाखा नं.०६, गौरीगंज वडा १ स्थित शाखा नहर १० को प्रशाखा नं. १०/११, कमल वडा १ स्थित शाखा नहर नं. १५ को प्रशाखा नहर १० र ११ र गौरादह वडा ९ स्थित शाखा नहर १७ को प्रशाखा नं. २) मा कार्यान्वयन गरिन्छ।

### कृषि क्रियाकलाप

बसन्ते तरकारी खेतीमा सामेल हुनु भएका शाखा नहर १०/प्रशाखा नहर १०/११ (गौरीगंज ) का कृषकसंगको अन्तरवार्ता ।यो अन्तरवार्ता कार्यक्रममा सहभागी भए पश्चात सहभागीहरूको सचेतना वृद्धि र

### सिंचाइ क्रियाकलाप

सिंचाइ सुविधाको हालको स्थिति मुल्यांकन गर्न जल उपभोक्ता समिति, कन्काई सिंचाई ब्यबस्थापन कार्यालय र TCP-PIATको संयोजकत्वमा धेरै नहरहरूमा पैदल सर्वेक्षण (Walk through Survey) गरिएको थियो । नहरहरूको मरम्मत सम्भारमा यो सर्वेक्षणबाट प्राप्त नतिजालाई उपयोग गरिनेछ ।

### मिनी ब्याक-हो हस्तान्तरण

जेष्ठ २०७९मा TCP-PIATले कन्काई सिंचाइ प्रणाली संचालन तथा सम्भारको लागि एक थान मिनी ब्याक हो (नहर सफा गर्ने/निर्माण गर्ने) जल उपभोक्ता संस्थालाई उपलब्ध गरायो ।



जाईका टोलीबाट जेष्ठ २३, २०७९ मा कन्काई सिंचाइ प्रणालीको निरीक्षण भ्रमण

जाईका मुख्यालय (टोकियो) र जाईका नेपाल कार्यालय (काठमाडौं)को पाँच सदस्यीय टोलीले २३ जेष्ठ २०७९ मा (१) कन्काई सिंचाइ व्यवस्थापन कार्यालय (KIMO) द्वारा सञ्चालित कन्काई हेडवर्क्सको पुनर्स्थापना सम्बन्धि कार्य प्रगति (२) शाखा नहर ० मा निर्माण भईरहेको पार्सल फ्लुमको प्रगति तथा (३) शाखा नहर १७/प्रशाखा २ स्थित मोडेल साईटको खेत वारी विकास तथा कृषि क्रियाकलापहरू बारे जानकारी लिन निरीक्षण भ्रमण गरेको थियो । स्थानीय सरकार ,कन्काई सिंचाई ब्यबस्थापन कार्यालय, जल उपभोक्ता संस्था र TCP-PIAT सम्मिलित परियोजना कार्य टोलीले वहाँहरूलाई स्वागत गरेको थियो ।

## कृषि क्रियाकलाप (शाखा नहर १०का कृषकहरुसँग अन्तर्वार्ता)



२०७८ फागुनमा TCP-PIATले संचालित गरेको कार्यक्रममा सहभागी हुनु भएका भीमबहादुर बुढाथोकी नहर समितिका अन्य सदस्यहरू झैं बिक्रिगर्ने उद्देश्यले कहिल्यै तरकारी बाली खेती गर्नु हुन्न थियो । TCP-PIAT को सहयोग र बजारमुखी कृषि प्रवर्द्धन (CAP) पद्धती अपनाउने प्रेरणाबाट उत्साहित भई वहाँले बिक्रीका लागि १.५ *कठ्ठा* (करिब ५०८ वर्ग मिटर) जमिनमा परीक्षणको रूपमा काक्रा, फर्सी, भिंडी र करेलाको खेती शुरु गर्नु भएको थियो ।वहाँका अनुसार, जब वहाँले आफ्नो जीवनमा पहिलो पटक मोटरसाइकलबाट नजिकैको स्थानीय बैगुन्धुरा बजारमा बिक्रीका लागि काँक्रो लैजान शुरु गर्नु भयो, धेरै स्थानीय व्यापारीहरू बिक्रीको लागि उपलब्ध परिमाण तथा गुणस्तर सम्बन्धमा जानकारी लिन आफै वहाँको खेतमा आउन थाले । यसबाट वहाँले बुझ्नु भयो कि यदि उत्पादन उच्चस्तरको, पर्याप्त परिमाणमा र उचित मूल्यमा बिक्री गर्न सके यस्ले बजार स्वयं सिर्जना गर्दो रहेछ । वहाँ भन्नु हुन्छ, यो वहांको पहिलो प्रयास र सानो क्षेत्रमा खेति गर्दा पनि छोटो समयमै उत्पादित तरकारी बिक्रि बाट रू ८ हजार भन्दा बढी आम्दानी गर्न संके । खुसी ब्यक्त गर्दै वहाँ भन्नु हुन्छ, “हामीहरू तरकारी खेतीलाई निरन्तरताको साथै आगामी सिजनमा क्षेत्रफल समेत बढाउने निर्णय गरेका छौं।"

## सिंचाइ क्रियाकलाप (नहरमा पैदल सर्वेक्षण)




शाखा नहर समिति ०१ का अध्यक्ष श्री झनिन्द्र भट्टराई सिंचाइ प्रणालीका विभिन्न क्रियाकलापमा सक्रियतापूर्वक सहभागी हुने मेहनती व्यक्ति हुन् । हाल वहाँ TCP-PIAT संग थुप्रै नहर हिंडाई सर्वेक्षणहरूमा सहभागी हुँदै आउनु भएको छ । नहर अनुगमनमा “पैदल सर्वेक्षण” अत्यन्तै जरुरि क्रियाकलाप हो। यसले जल उपभोक्ता संस्थालाई सिंचाइ सुविधाको वर्तमान अवस्था बुझ्न र सुविधा सुधारका लागि उपयुक्त कदम अपनाउन सहयोग गर्छ । सिंचाइ सुविधालाई चुस्त र दुरुस्त राख्न पैदल सर्वेक्षण नियमित हुनु पर्छ भन्ने आफ्नो भनाईलाई जोड दिंदै श्री झनिन्द्र भन्नु हुन्छ, “TCP-PIATले संचालन गरेको नहर हिंडाई सर्वेक्षणमा सहभागी भएको कारणबाट मैले हाम्रो प्रशाखा नहर ०६ को फिल्ड आउटलेटमा किन पानी राम्ररी बग्न नसकेको हो थाहा पाई तत्काले सुधार गर्नसंके । सर्भेक्षणको क्रममा झनिन्द्रले हेड रेगुलेटर र क्रस रेगुलेटरको रबरका सिलहरू धेरै च्यातिएका र नियमित रूपमा ग्रिजिंग कार्य नभई पानी चुहिने र गेट सञ्चालन गर्न कठिन भएको देखु भयो ।



झनिन्द्र अब शाखा नहर ०१ को नहरमा सिल्ट सङ्कलन हुने, झारपातले नहर ढाक्ने तथा केहि व्यक्तिहरूले नहरमै फोहर फ्याँकी त्यसलाई डम्पिङ साईट बनाउने गरेको जस्ता समस्याहरु समाधान गर्न प्रतिवद्ध हुनु हुन्छ । यस्ता क्रियाकलापहरुले सहजरुपमा नहरमा पानी बग्न मात्र अवरोध भएको नभई वातावरण समेत प्रदुषित भएको देखु भयो । अब वहाँ जति सक्दो छिटो यस्ता समस्या समाधान गर्न र स्थानीय जल उपभोक्ताहरूको सचेतना वृद्धि गर्दै नहर मर्मत सम्भार गर्न तथा नहरको पानी प्रयोगगरि बजारमुखी कृषिमा संलग्न गराउन प्रतिबद्ध हुनुहुन्छ ।

## कन्काई जल उपभोक्ता संस्थालाई मिनी ब्याक-हो हस्तान्तरण




TCP-PIAT ले जल उपभोक्ता संस्थालाई उपलब्ध गराएको मिनी ब्याक हो (एक्सकाभेटर) कन्काई सिंचाइ प्रणालीको सम्पूर्ण क्षेत्रमा नहर संचालन तथा संभार कार्यमा (शाखा, प्रशाखा नहरहरुको सफाई, मर्मत र संभार ) प्रयोग गरिनेछ। चित्र (बायाँ) मा देखाइएझैं उक्त मेशिन नहर सफा गर्ने कार्यमा प्रयोग गर्न शुरु भई सकेको छ। उक्त मेसिन जल उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु अघि, ज.उ.स., कन्काई सिंचाइ ब्यबस्थापन कार्यालय, जाईका र TCP-PIAT को भूमिका र जिम्मेवारी सहमति पत्र मार्फत स्पष्ट पारिएको थियो । यो उपकरण राम्रो र निरन्तर प्रयोग गर्न सकिने अवस्थामा राख्न ज.उ.स. को यान्त्रिक मेशिनरी सञ्चालन उप-समितिले प्रभावकारी मेशिनरी सञ्चालन निर्देशिका तर्जुमा गरी मेशिनरीको उचित प्रयोगको लागि सबै क्रियाकलापहरूको अनुगमन गर्नेछ।

# परियोजनाका सदस्यहरुको परिचय



**श्री अकिरा कवाई**
*प्रमुख सल्लाहकार*



**श्री रयोसुके माकिनो**
*उप-प्रमुख सल्लाहकार*



**श्री शोहेई नात्सुदा**
*बजारमुखी कृषि बिज्ञ*



**श्री केनिची शिबुता**
*सिंचाई सुबिधा /ज.उ.स. सुदृढिकरण बिज्ञ*



**श्री सटोको ईवासाकी**
*तालिम/ज.उ.स. सुदृढिकरण बिज्ञ*



**डा. बीरेन्द्र बीर बस्न्यात**
*कृषि बिज्ञ*



**श्री राम नारायण क्षत्री**
*ज उ स बिज्ञ*



**श्री भूमि काफ्ले**
*कृषि बिज्ञ*



**श्री रश्मी रंजन झा**
*सिंचाई बिज्ञ*



**श्री पुष्कर राज रिजाल**
*सिंचाई बिज्ञ*



**श्री आयुष पौडेल**
*जि आई यस बिज्ञ*



**सुश्री सृजना सापकोटा**
*कार्यालय सचिब*

# तराई सिंचित कृषि प्रवर्द्धन प्राबिधिक सहायता परियोजना

## परियोजनाको लक्ष

संघ, प्रदेश, स्थानीय सरकार र जल उपभोक्ता संस्थाको सहकार्यमा सिंचित कृषि मोडेल तयार भएको हुनेछ ।

परियोजना स्थल: कन्काई सिंचाई प्रणाली




## सिंचित कृषि मोडेल के हो ?

**यो सिंचित कृषि मोडेलको लक्ष चार चरण समस्या समाधानमा आधारित सिंचाई योजनाको चक्र हो, यसले कृषकहरुलाई सिंचाई योजना संचालन / संभार गर्न चेतना र उत्प्रेरणा वृद्धि गर्दै कृषि आय बढाउनेछ ।**




**सिंचाई तथा कृषि दुवै क्रियाकलाप कृषकहरुको आय वृद्धि गर्न आवश्यक छ ।**

- पानी वितरणमा सुधारले सिंचाई योग्य क्षेत्र र यसको उत्पादकत्व वृद्धिमा योगदान पुर्याउछ ।
- सिंचित क्षेत्रमा कृषकहरुले बजारमुखी कृषिबाट लाभ उठाउछन् र यसबाट कृषकहरु व्यवसायको रुपमा खेती गर्दै क्षमता वृद्धि गर्न प्रोत्साहित हुनेछन ।
- यस क्रियाकलापबाट कृषकहरुले बढि आम्दानी प्राप्त गर्छन र आफु आत्मनिर्भर तथा उत्प्रेरित भएको महसुस गर्छन्।
- यी क्रियाकलापहरुले कृषकहरुलाई सिंचाई सेवा शुल्क भुक्तान गर्न सक्षम तुल्याउछ र यसको परिणाम स्वरूप जल उपभोक्ता संस्थालाई नियमित पानी वितरण तथा सिंचाई सुबिधाहरुको पुनर्स्थापना तथा सुधारका लागि कोष प्राप्त हुनेछ।

## मोडेल सिंचित कृषि स्थापना का मुख्य उद्धेश्यहरु

१.कन्काई सिंचाई प्रणालीमा सिंचित कृषि सम्बन्धि सवालहरु विश्लेषण तथा सरोकारवालाहरु बीच साझा गर्ने।

**यसै क्रममा वि स. २०७७ माघ (सन् २०२० फेब्रुअरी) मा कन्काई सिंचाई प्रणालीका सबै सरोकारवालाहरु द्वारा चार बर्षे कार्ययोजना तयार गरिएको थियो ।**



२.पानी वितरण योजनामा सुधार र प्रशाखास्तर सम्म यसको कार्यान्वयन, सिंचाई सुबिधाको उपयुक्त संचालन र मर्मत संभार र फिल्ड च्यानलहरुको निर्माण क्रियाकलापबाट समतामुलक र प्रभावकारी रुपमा पानी वितरण प्रणाली स्थापना गर्ने ।

३.बजारमुखी कृषि अभ्यासको कार्यन्वयनबाट लक्षित प्रणालीका कृषकहरुको आय र प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

४. कन्काई सिंचाई योजनाका सरोकारवालाहरुको समन्वयात्मक क्रियाकलापबाट सिंचित कृषि सुधारका लागि क्रियाकलाप कार्यन्वयन सहयोग प्रणाली ( Activity Execution Cooperation System)स्थापना गर्ने र तालिम तथा अन्य सम्बन्धित क्रियाकलापहरु र सहयोग प्रणालीबाट यो नतिजालाई तराई क्षेत्रका अन्य सिंचाई परियोजनाहरुमा विस्तार गर्ने ।

परियोजनाको सूचना : कन्काई सिंचाई व्यवस्थापन कार्यालय ( http://www.kis.gov.np/ )
कन्काई नहर जल उपभोक्ता संस्था (https://www.facebook.com/kankaiwua )